# रास्कोट नगरसभामा मिति २०८२ आषाढ ०७ गते
# उपप्रमुख श्री मनिराज बराल ज्युले
# प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८२।०८३ को
# बजेट बक्तब्य

## रास्कोट नगरपालिका कालीकोट

## २०८२

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. यस रास्कोट नगरपालिकाको आगामी सोच एवम् जनआकाङ्क्षा समेटिएको आर्थिक वर्ष २०८२।०८३ को नीतिलाई कार्यक्रम र बजेट मार्फत व्यवहारिक रुपमा कार्यान्वयन गर्न नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम सम्मानित १६ औं नगरसभा समक्ष आ.व २०८२।०८३ को आय र व्यय अनुमान प्रस्तुत गर्न पाउँदा मैले अत्यन्त गर्वको महसुस गरेको छु ।

२. लोकतन्त्र, संघीय गणतन्त्र एवम् कर्णाली प्रदेश स्थापनार्थ भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने अमर सहिदप्रति भावपूर्ण श्रदाञ्जली अपर्ण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाईते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र विशेष स्मरण गर्न चाहान्छु ।

३. सिमित स्रोत तथा साधन एवं अर्थतन्त्रमा परेको नकारात्मक प्रभावका वीच नगरबासीहरुको असिमित माग र चाहानलाई अधिकतम सम्बोधन हुने गरि बजेट तर्जुमा गर्नु पक्कै पनि चुनौतिपूर्ण रहेको तथ्य यहाँहरुले मनन गर्नु भएकै होला भन्ने आशा गरेको छु। यसका बाबजुद पनि यहाँहरुको विकास प्रतिको लगाव र नगरवासीहरुको असिमित चाहानलाई दृष्टिगत गरि उपलब्ध श्रोत साधनलाई अधिकतम परिचालन मार्फत नगरवासीको आधारभुत आवश्यकता र सर्वोपरि हितलाई केन्द्र विन्दुमा राखि यो बजेट तर्जुमा गरिएको छ।

४. जनताको आवश्यकता, चाहना, माग अत्याधिक छन् भने हाम्रो बजेट तथा राजश्वको सीमा सिमित छ, तैपनि नीति तथा कार्यक्रममा राखिएका विषय तथा क्षेत्रहरुलाई सकेसम्म समेट्ने गरि बजेट कार्यक्रममा समावेश गरिएको छ । हाम्रो चाहाना स्वच्छ,स्वस्थ र आत्मनिर्भर समृद्ध नगर बनाउनु हो । सकारात्मक सोचको विकास गर्दै हामीले गरेका राम्रा र असल अभ्यासहरुको निरन्तरता र त्यसको अपनत्व लिनु पर्छ भन्ने मलाई लाग्छ । सामाजिक आर्थिक रुपले पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकास र समृद्धिको यात्रामा सँगसगै लैजानु राज्यको दायित्व नै हो , भन्ने कुरालाई मनन गर्दै बजेट तर्जुमा गरिएको कुरालाई पनि म यहाँ जोड्न चाहान्छु । साथै संविधानबाट प्रदत्त मौलिक हकको सुरक्षा तथा कार्यान्यवयन, स्थानीय सरकार संचालन ऐन,२०७४ ले दिएका जनता प्रति जिम्मेवारी पुरा गर्नु र सिंगो नगरको समान विकास तथा वितरण, सामाजिक रुपान्तरण र सम्पुर्ण रास्कोटवासीको उत्थान र समृद्धिलाई मध्य नजर गरि बजेट ल्याउने हाम्रो प्रयत्न रहेको छ ।

५. नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय तहका एकल र साझा अधिकारका विषय,“समृद्ध नेपाल, सुखी नेपाली”को दीर्घकालीन सोच, विकास, समृद्धि, सामाजिक न्याय र लोकतान्त्रिक मुल्यमा आधारित सामाजवादको निर्माण र समग्र रास्कोट नगरपालिकालाई समृद्ध बनाउने हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयत्नरत छौं । यस अभियानमा सम्पूर्ण महानुभावहरुको रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

६. संघीय नेपालको संरचना भइसकेपछि तीन तहका सरकार मध्ये जनताको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारको दोश्रो कार्यकालको तेस्रो वर्ष पुरा गरि चौथो वर्षमा प्रवेश गर्दै गर्दा हामीले निर्वाचन ताका गरेका प्रतिबद्धता र रास्कोटको विकास र समृद्धिलाई मुख्य प्राथमिकताका साथ जनताको सुखः दुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएका छौ । रास्कोटको समृद्धिको अभियानमा महत्वपूर्ण भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण नगरसभाका सदस्य, आम नागरिक, बुद्धिजिवी, उद्यमी, व्यवसायी, राष्टसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरि रास्कोटको सर्वाङ्गीण विकासका लागि नगरपालिकालाई अग्रगामी पथमा लैजान पथप्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणीय अग्रजहरुको योगदान प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

७. संघीय सरकार र कर्णाली प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक लक्ष्य तथा उद्देश्यलाई आत्मसाथ गर्दै रास्कोटबासीका आधारभुत आवश्यकता र सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सर्वसुलभ बनाउदै जिल्लाकै अग्रणी स्थानीय तह बनाउन ईलाका प्रशासन स्थापना, व्यवस्थित बजार(मिनि मार्केट)का साथै अन्य सरकारी सेवाहरु यहि रास्कोटबाट उपलब्ध हुने गरि संघीय सरकार र प्रदेश सरकार संग निरन्तर समन्वयमा रहेको कुरा पनि यहाँहरु माझ जानकारी गराउन चाहान्छु ।

८. हालै मात्रै हामीले नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड संगको सम्झौतामा कर्णाली प्रदेशकै पहिलो बिक्री तथा खरिद कक्ष स्थापना गर्न सफल भएका छौ । यसबाट रास्कोटको कृषि उत्पादनलाई देश तथा विदेशमा सहजै रुपमा निकासी गरि कृषि क्षेत्रमा आत्म निर्भर बन्न टेवा पुग्ने विश्वास पनि लिएको छु ।

९. यस बजेटले समग्र नगरपालिकाको सामाजिक,आर्थिक,सांस्कृतिक, र कृषि क्षेत्रको विकास, प्रविधि र दिगो पुर्वाधार विकासमा रणनीतिक महत्व राख्ने विश्वास समेत लिएको छु ।

१०. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आय र व्ययलाई सन्तुलित गरी समृद्धि तर्फको भविष्य र जनताको विकास प्रतिको आकांक्षालाइ सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजनका सिद्धान्तलाई आत्मसात गरेको छु ।

११. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, संघीय सरकारको आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, विनियोजन विधेयक, आर्थिक विधेयक, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७, कार्यपालिका सदस्य र नगर सभाका सदस्य ज्यूहरु, विज्ञ महानुभावहरुका सुझावहरु, दिगो विकासका लक्ष्यहरु, विभिन्न राजनैतिक दलका पदाधिकारीहरु, पेशा व्यावसायी, संघ संस्था, बुद्धिजिवि, विषयगत समितिका सुझावहरु र नगरबासी दिदिबहिनी तथा दाजुभाईहरुबाट प्राप्त सुझावहरु लाई समेत यथासम्भव मार्गदर्शनको रुपमा लिई आ.व २०८२।०८३ को अनुमानित आय र व्यय प्रस्तुत गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म यस रास्कोट नगरपालिकाको चालु आ.व २०८१।०८२ को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

१२. आर्थिक वर्ष २०८१।०८२ मा कुल बजेट ५१ करोड ९ लाख ७२ हजार प्रस्तुत भएको थियो । बजेट विनियोजनको तुलनमा हालसम्म चालु तर्फ ६८ प्रतिशत, पुँजिगत तर्फ ४७ प्रतिशत खर्च भई समग्रमा हाल सम्मको कुल वित्तिय प्रगति ६३ प्रतिशत खर्च भएको छ।

१३. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुमा हाल सम्म ३७ करोड ६४ लाख आय प्राप्त भएको छ ।जुन कुल प्रक्षेपित आयको ८१ प्रतिशत हुन आउछ ।

१४. रास्कोट नगरपालिकाले आ.व २०८१।०८२ को जेठ मसान्तसम्ममा आन्तरिक राजश्व संकलन ७५ लाख ७८ हजार ४ सय ५६ भएको छ जुन कुल लक्ष्यको ५२.२६ प्रतिशत रहेको छ ।

**सभाका अध्यक्ष एवम्**

**नगर सभाका सदस्य ज्यूहरु,**

अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

१५. चालु आर्थिक वर्षमा सुरुको प्रक्षेपित लक्ष्य मुताविक आय हुन सकेको छैन । आन्तरिक राजश्वबाट हुने आय, नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडमा समेत संकुचन आएको छ । जसले गर्दा पूर्व निर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमा सञ्चालन गर्न समस्या सिर्जना भएको छ ।

१६. आन्तिक आय संकलनका लागि प्रयाप्त कराधार क्षेत्र नहुनु र भएका क्षेत्रमा पनि कर सम्बन्धि जनचेतनाको अभावले आन्तरिक आयलाई वृद्धि गर्न सकिएको छैन ।

१७. राजश्व बाँडफाँडबाट प्राप्त हुने आय लक्ष्य भन्दा न्युन प्राप्त हुने समयमा प्राप्त नहुने प्रवृत्तिले प्राथमिकताका क्षेत्रमा लगानी बढाउन सकिएको छैन।

१८. बजेटको ठुलो परिमाण नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैरसरकारी संघसस्थाहरुको सहकार्यमा सञ्चालनहुने कार्यक्रमहरु कार्यान्यिवयनका लागि लागत साझेदारी बापत व्यहोर्नु परेको छ ।

१९. नगरपालिकाको समग्र विकासका कुल बजेटको ठुलो हिस्सा शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिईएको छ ।

२०. बार्षिक नीति तथा कार्यक्रमलाई विषय क्षेत्रगत कार्यक्रमसंग अन्तरसम्बन्धित हुने गरी बजेट तर्जुमा गरिएको छ।

माथि उल्लेखित चुनौतीलाई मनन गर्दै सरकारी, निजि, र सहकारी क्षेत्रको सहकार्य र सहयोगमा उपलब्ध सार्वजनिक स्रोत साधनको अत्यधिक परिचालन गर्दै नगरपालिकाको सर्वाङ्गीण विकास गर्न बजेटका उद्देश्य तथा प्राथमिकताहरु निम्न अनुसार तय गरेको छु।

**२१. अब म बजेटका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ,**

क. कृषि उत्पादनमा वृद्धि  रास्कोटको समृद्धि ,

ख. प्राविधिक तथा व्यावसायिक जिवन उपयोगी गुणस्तरिय शिक्षा नगर सरकारको ईच्छा

ग. स्वस्थ तथा प्रभावकारी स्वास्थ्य सेवा घरदैलोमा

घ. दिगो र भरपर्दो भौतिक पूर्बाधारले सम्पन्न रास्कोट निर्माण

ङ. शिक्षा, स्वास्थ्य लगायत आधारभुत स्वास्थ्य सेवामा नगरबासीको  समान सरल सुलभ पुहुँच,

द्द. कृषिको उत्पादन र उत्पादकत्व बृद्धी गर्दै जनताको जीवन स्तरलाई उकासी कृषिमा आत्मनिर्भर

ज. स्थानीय स्रोत साधनको उचित प्रयोगबाट उत्पादन मुलक रोजगारी सृजना गर्ने,

झ. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवम् सूचना प्रविधिको प्रयोग मार्फत सुशासनको अनुभुति ।

नगर सभा अध्यक्ष एव्

नगर सभाका सदस्य ज्युहरु,

**२२. अब आर्थिक बर्ष ०८२।०८३ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहान्छू।**

१. शिक्षा ,स्वास्थ्य, पुर्वाधार विकास लगायत सामाजिक क्षेत्रको विकास

२. कृषि उत्पादन र पशुविकास

३. रोजगार प्रवर्द्धन र उद्यमशिलता

४. सरकारी गैरसकारी संघसस्था र नीजि क्षेत्रसंग सहकार्य

५. लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशिकरण

६. नियमित सडक ममर्त सम्भार,

७. पर्यटन प्रवर्द्धन र पर्यटन पुर्वाधारको विकास

८. राजश्व प्रशासन सुदृढिकरण,

९. मानव संसाधन विकास तथा संस्थागत सुशासन

१०. विपद् तथा प्रकोप कोष संचालन,

११. स्वास्थ्य जीवन विमा तथा घर विमा कार्यक्रम ,

१२. प्रविधि मैत्री प्रशासन र ई-गभर्नेन्स

माथि उल्लेखित उदेश्य एवम् प्राथमिकता हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्तर स्थानीय तह, नीजि तथा सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र,टोलविकास संस्था तथा कानुन बमोजिम दर्ता भएका विभिन्न संघ सस्थाहरु संग अधिकतम समन्वय एवं साझेदारी गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व.०८२।०८३ को आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि.न | **स्रोत समूह** | **स्रोत** | **जम्मा बजेट सीमा** |
|---|---|---|---|
| १ | **संघीय सरकार** | समानिकरण अनुदान | ९ करोड ५३ लाख |
| २ | संघीय सरकार | शसर्त अनुदान चालु | १६ करोड ५१ लाख |
| ३ | संघिय सरकार | शसर्त अनुदान पूंजिगत | ३ करोड ३७ लाख |
| ४ | संघीय सरकार | विषेश अनुदान | १ करोड ६५ लाख |
| ५ | संघीय सरकार | समपुरक अनुदान | ९१ लाख |
| ६ | संघिय सरकार | राजस्व बाँडफाँड | ७ करोड ८२ लाख ८८ हजार |
| ७ | **प्रदेश सरकार** | समानिकरण अनुदान | १ करोड ३० लाख ५८ हजार |
| ८ | प्रदेश सरकार | शसर्त अनुदान चालु | १६ लाख ८४ हजार |
| ९ | प्रदेश सरकार | शसर्त अनुदान पुँजी | २ करोड ४० लाख |
| १० | प्रदेश सरकार | विषेश अनुदान | ६४ लाख |
| ११ | प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | ३५ लाख ८० हजार |
| १२ | प्रदेश सरकार | राजस्व बाँडफाँड | ५ लाख ७२ हजार ५ सय ५१ रुपैयाँ |
| १३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १ करोड ५० लाख |
| १४ | अन्य अनुदान (साझेदार संघ सस्था) | अन्य अनुदान | **१ करोड** |
| जम्मा | | ४७ करोड २२ लाख ८२ हजार ५ सय ५१ रुपैयाँ | |

२३. कुल प्रस्तावित आय तर्फ **चालु तर्फ रु ३५ करोड ७ लाख १८ हजार पुँजिगत तर्फ रु...१२ करोड १५ लाख ६४ हजार गरि** कुल आय ४७ करोड २२ लाख ८२ हजार ५ सय ५१ रुपैयाँ अनुमान गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

**नगर सभा सदस्य ज्यूहरु,**

२४. **"हामी बनाउछौ हाम्रो नगर"**

भन्ने मुल नारालाई साकार पार्न युवा उद्यमशिलता र स्व- रोजागरी श्रृजना,असमानता न्यूनीकरण,सामाजिक विभेदको अन्त्य, दिगो र भरपर्दो पूर्वाधारको निर्माण हुने किसिका कार्यक्रमहरु सञ्चालनमा रास्कोट नगरपालिकाको बजेट विनियोजन गरिएको छ।

२५. अव म आगामी आ.व को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**सामाजिक विकास समिति तर्फः**

२६. शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, महिला बालबालिका र लैंगिक समानता तथा सामाजिक समावेशिकरण, युवा खेलकुद तथा नवप्रवतर्न तर्फका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न २५ करोड ५३ लाख ८४ हजार बजेट विनियोजन गरिएको छ।

त्यसै गरि

**आर्थिक विकास समिति तर्फ**

२७. कृषि विकास,पशुपन्छि विकास, सिँचाई, पर्यटन प्रवर्धन, सहकारी तथा गरिबि निवारण एवम् वित्तीय क्षेत्र, उद्योग, व्यापार तथा व्यवसाय, रोजगारी प्रवर्धन तर्फका कार्यक्रमहरु कार्यान्यवन कुल बजेट मध्ये २ करोड १९ लाख विनियोजन गरेको छु।

**पूर्वाधार विकास तर्फ**

२८. स्थानीय पूर्वाधार विकास आयोजना, भवन निर्माण,शहरी विकास, बस्ति विकास तथा सडक पुर्वाधार, नगर चक्रपथ निर्माण कार्यक्रमहरु कार्यन्वयन गर्न कुल बजेट मध्ये ८ करोड ५५ लाख विनियोजन गरेको छु।

२९. नगरपालिकाले विभिन्न संघसस्थाहरु लागत साझेदारी पुर्वाधार निर्माण, खानेपानी एक घर एक धारा कार्यक्रम गरि विभिन्न कार्यक्रमहरुमा झण्डै १ करोड लागत साझेदारी गर्ने भएकाले पुजिगत खर्च तर्फ ३ करोडका विकास निर्माणका कार्यहरु सञ्चालन हुने देखिन्छ जसले नगरको कुल बजेटको पुजिगत खर्चलाई वृद्धि हुने देखिएको छ।

**वन,वातावरण तथा विपद् व्यवस्थापन समिति तर्फः**

३०. भू-संरक्षण र जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यस्थापन, विपद् व्यस्थापन तथा जलवायु उत्थानशिलता , विपद जोखिम न्युनिकरणका लागि पुर्व तयारी कार्यक्रम सञ्चालन गर्न कुल बजेट मध्ये २२ लाख विनियोजन गरेको छु।

**सुशासन तथा संस्थागत विकास समितिको कार्यक्षेत्र**

३१. सार्वजनिक सेवा प्रवाह, स्थानीय सेवा तथा जनशक्ति क्षमता विकास, सार्वजनिक खरीद तथा सम्पत्ति व्यस्थापन,राजश्व तथा स्रोत परिचालन गर्न कुल बजेट मध्ये १ करोड ८५ लाख बजेट विनियोजन गरिएको छ।

**कार्यालय सञ्चालन तथा व्यवस्थापन (संघीय राजश्व बाँडफाँड र प्रदेश समानिकरण अनुदान)- ८ करोड ८८ लाख**

३२. व्ययको चालु प्रशासनिक खर्च,नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब, सेवा सुविधा, नगरपालिकामा कार्यरत सम्पुर्ण स्थायी, अस्थायी,करार ज्यालादारी कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा र पदाधिकारीको सेवा सुविधा र भत्ता बाफतको रकम समावेश गरिएको छ । विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाउने, करारमा कार्यरत कर्मचारीलाई पुनरावलोकन गर्दै प्रशासनिक खर्चको भार घटाउने, खरिद प्रक्रियालाई पारदर्शि बनाउँदै तोकिएको समयभित्रै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरि आत्मनिर्भर उन्मुख बजेट कार्यानव्यनको व्यवस्था मिलाएको छु ।

३३. खर्च तर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण नगर सभाबाट पारित भैसके पछि यथाशिघ्र रातो किताबमा समावेश गरि सार्वजनिक गर्ने प्रतिबद्धता समेत गर्दछु ।

३४. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान विशेष अनुदान, सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखांकन गरिने छ ।

३५. नगरपालिका विभिन्न क्षेत्रमा योजना तथा कार्यक्रम सञ्चालन गर्न स्थानीय शासन सहयोग कार्यक्रम(LISP) संगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न एकमुष्ट रु ५० लाख बजेट विनियोजन गरेको छु । सो संग साझेदारीहरु योजनाहरु नगर सभाबाट छलफल भई पछि प्रकाशित गरिनेछ।

३६. हेल्भटास र हुरेन्डेक नेपाल(एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम) संगको साझेदारीमा ३ करोड ५० लाख लगानीमा नगरपालिका भित्र ३०० घरहरुमा खानेपानीका धाराहरु निर्माण गरिने छन् । यसका लागि लागत साझेदारी बाफत आवश्यक बजेट विनियोजन गरिएको छ।

३७. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र सुर्खेत संग आवश्यक साझेदारी गरिने छ।

३८. वडा कार्यलय संचालन तथा व्यस्थापन चालु खर्च तर्फ एकमुष्ट रु ४५ लाख विनियोजन गरेको छु ।

३९. नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने तर आय र व्यय(बजेट) पुस्तिकामा समावेश नभएको अनुमानित बजेट रकमको विवरण निम्न बमोजिम रहने व्यहोरा समेत यस सम्मानित नगर सभा समक्ष जानकारी गराउन चाहान्छु ।

- सामाजिक सुरक्षा अनुमानित बजेट रकम रु. ९ करोड ३०
- सडक बोर्ड नेपाल अनुमानित बजेट रु ६० लाख

➢ नगरपालिका भित्र कार्यक्रम संचालन हुने विभिन्न संघसस्थाले प्रस्तावित बजेट रकम रु. ६ करोड ३९ लाख ८४ हजार पेश गरेका छन् ।

| सि.न | कार्यन्वयन संस्था | परियोजना कार्यक्रम | प्रस्तावित बजेट रकम |
|---|---|---|---|
| १ | हुरेन्डेक नेपाल | एकिकृत जलस्रोत परियोजना | ३ करोड ५० लाख |
| २ | | शसक्त वालबालिका परियोजना(GSS) | ९७ लाख १५ हजार |
| ३ | | रास्कोट महिनावारी स्वास्थ्य स्वच्छता तथा खानेपानी सरसफाई स्वच्छता सुधार परियोजना) | ७२ लाख |
| ४ | सहास नेपाल | पर्यावरणीय कृषिद्वारा साना किसानको खाद्य सुरक्षा कार्यक्रम | २१ लाख ९६ हजार |
| ५ | सादा नेपाल | रंगिन परियोजना | १४ लाख ७७ हजार |
| ६ | स्याक नेपाल | विद्यालय शिक्षा परियोजना | २५ लाख ४५ हजार |
| ७ | सि एम सी | विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम | ३१ लाख ९१ हजार |
| ८ | किर्डाक नेपाल | बाल प्रत्याभुत व्यस्थापन कार्यक्रम | ८ लाख ६२ हजार |
| ९ | फेडो नेपाल | दलित महिला सशक्तिकरण कार्यक्रम | ३ लाख |
| १० | भिडेसेफ कार्यक्रम | मातृ तथा नवशिशु स्वस्थ्य सेवा सुदृढिकरण परियोजना | ६ लाक ९७ हजार |
| ११ | एन सि. ई नेपाल | पँहुच परियोजना | ३ लाख |
| १२ | एकिकृत विकासका लागि कर्णालि नेटर्वक | एक्सेस एफ.एस टि.पी परियोजना | ३ लाख २० हजार |
| | | जम्मा प्रस्तावित बजेट | रु. ६ करोड ३९ लाख ८४ हजार |

४०. वित्तीय सामानीकरण तथा नगरपालिकाको आन्तरिक स्रोतबाट सबै शाखागत कार्यक्रमहरुका लागि बजेट विनियोजन गरेको छु ।

अन्तमा, नगरपालिकाले आगामी आर्थिक बर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुमा सिर्जनात्मक सल्लाह सुझाव तथा कार्यान्वयनमा सहयोग र सहभागिताका लागि प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगर सभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिक दल, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयात्री लगयात समस्त नगरबासी तथा अहोरात्र खटिने नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यव समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदै समृद्ध रास्कोट नगरपालिका निर्माण गर्ने अभियानमा सबैको योगदानको अपेक्षा समेत गर्दछु ।

धन्यवाद।

२०८२ साल असार ७ गते रोज ७ शुभम् !

मनिराज बराल

नगर उप-प्रमुख

अनुसूची-१

संघीय ससर्त अनुदान,समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत खर्च विवरण

| शसर्त अनुदान तर्फका कार्यक्रमहरु | |
|---|---|
| कार्यालय | जम्मा रकम रु.हजारमा |
| **लघु उद्यम विकास कार्यक्रम** | **१४००** |
| सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४० |
| गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | ७० |
| गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ३३६ |
| उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक (एकमुष्ट) | ८५४ |
| **कृषि विभाग (कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम)** | **१२००** |
| कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | ८६५ |
| किसान सूचीकरण कार्यक्रम | ३०० |
| कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ३५ |
| **राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम** | **६००** |
| आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता | ६०० |
| **कृषि विभाग** | **८००** |
| साना सिंचाई प्रवर्द्धन कार्यक्रम | ८०० |
| **पशु सेवा विभाग** | **१००** |
| पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | १०० |
| **राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग** | **५००** |
| स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २४९ |
| स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २३१ |

| | |
|---|---|
| एम.आई.एस.अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | २० |
| **आवास व्यवस्था कार्यक्रम** | **१५००** |
| सुरक्षित नागरिक आवास कार्यक्रम :- कालिकोट जिल्ला क्षेत्र नं. १ अन्तर्गत रास्कोट नगरपालिका- १२६ वटा (स्वीकृत आवास संख्या अनुसार आ.व. २०८१/०८२ सम्म सम्झौता भएका लाभग्राहीका लागि भुक्तानी गर्न ) | १५०० |
| **उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम** | **४०००** |
| श्री सुन्दर आधारभुत विद्यालय घेरबार तथा खेल मैदान, कालिकोट, रास्कोट नगरपालिका- १ | २००० |
| सुन्दर आवि तटबन्ध योजना, कालिकोट, रास्कोट नपा- 1 | २००० |
| **सबैका लागि शिक्षा- आधारभूत तह** | **६०१००** |
| आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ६०१०० |
| **माध्यामिक तह** | **२३७००** |
| माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | २३७०० |
| **विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)** | **५७६००** |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १८२६० |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ८३६९ |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २३६२ |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ४०९६ |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २३८५ |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १७५० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०० |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १६८५ |

| | |
|---|---|
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २९१५ |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २३३२ |
| 2.7.13.50 प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | २८३३ |
| शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १२५१ |
| 2.7.13.305 विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | १९६२ |
| 11.1.2.3205 केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान | ९०० |
| **<u>बहुक्षेत्रीय पोषण कार्यक्रम</u>** | **<u>३०००</u>** |
| पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | २०४० |
| नौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ६२५ |
| बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | ३३५ |
| **<u>स्थानीय पूर्वाधार सहयोग कार्यक्रम</u>** | **<u>२७३००</u>** |
| स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ वमोजिम कार्यक्रम कार्यान्वयन गर्नेगरी सशर्त अनुदानको रकम | २७३०० |
| **<u>स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम</u>** | **<u>१३००</u>** |
| मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ६४० |
| "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | ४६० |
| मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | ५० |
| समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन | १५० |
| **<u>प्राथमिक स्वास्थ्य सेवा</u>** | **<u>१७०००</u>** |
| स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | १७००० |
| **क्षयरोग नियन्त्रण** | **३००** |

| | |
|---|---|
| आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण | ९५ |
| क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण | २०५ |
| **परिवार कल्याण कार्यक्रम** | **५२००** |
| प्रजनन् रुग्णता स्वास्थ्य सेवा | १५० |
| परिवार योजना सेवा | ६० |
| किशोरकिशोरी स्वास्थ्य सेवा | ९३ |
| पोषण कार्यक्रम | ३७८ |
| स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | २६९८ |
| स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ११७९ |
| स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन खर्च | ५४२ |
| CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण) | १०० |
| **महामारी रोग नियन्त्रण कार्यक्रम** | ० |
| महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | ० |
| **स्वास्थ्य ब्यवस्थापन कार्यक्रम** | **३००** |
| नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | ३०० |
| **उपचारात्मक सेवा कार्यक्रम** | **१८००** |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १४९८ |
| स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | १२२ |
| सामाजिक परिक्षण कार्यक्रम संचालन | १८० |
| **नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कार्यक्रम** | **७००** |

| | |
|---|---|
| राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | ७०० |
| **<u>आयुर्वेद सेवा कार्यक्रम</u>** | **<u>६००</u>** |
| आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ६०० |
| **<u>राष्ट्रिय रोजगार कार्यक्रम</u>** | **<u>१३००</u>** |
| रोजगार संयोजकको तलव | ५४६ |
| रोजगार संयोजकको पोसाक | १० |
| श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | २५ |
| रोजगार संवाद मञ्चको सञ्चालन | २५ |
| रोजगार सेवा केन्द्र सञ्चालन खर्च (मसलन्द, अनुगमन/ईन्धन, रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण, अन्य विविध खर्च) | १०० |
| आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उध्यमशिलता प्रवर्द्धन कार्यक्रम | १०० |
| आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालन {निर्देशिका/रणनीतिमा तोकिए बमोजिम} (क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तीमा शतप्रतिशत रकम साझेदारी गर्नुपर्नेछ।) | ४९४ |
| **<u>समानिकरण अनुदान</u>** | **<u>१२०९००</u>** |
| समानिकरण-न्युनतम अनुदान | ३०००० |
| समानिकरण-सुत्रमा आधारित अनुदान | ६०४०० |
| समानिकरण-कार्यसम्पादनमा आधारित अनुदान | ४९०० |
| **<u>विशेष अनुदान</u>** | |
| विद्यालय शैक्षिक सुधार कार्यक्रम | १६५०० |
| **<u>समपुरक अनुदान</u>** | |
| धर्म दत्त आ.वि. भवन निर्माण | ९१०० |
| | **३३१२००** |

अनुसूची-२

प्रदेश सरकार ससर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान खर्च विवरण

| **मुख्यमन्त्री रोजगार कार्यक्रम र अन्य योजनाहरु** | |
|---|---|
| **आयोजना तथा कार्यक्रम** | **(रु हजारमा)** |
| निलाखाल देखि ठीगेल्नीदेवि पर्यटन पदमार्ग रा न पा १ | **१५,००** |
| चुडीमुल देखि पञ्चदेवल हुँदै त्रिवेणी सम्म पर्यटन पदमार्ग रा न पा २ | **१५,००** |
| वर्षेढुङ्गा देखि भुवानी थान पर्यटन पदमार्ग रा न पा ३ | **१५,००** |
| कर्णाली टोल हुँदै देउरापाटन सम्म पर्यटन पदमार्ग रा न पा ४ | **१५,००** |
| दर्नालीटोल देखि शिवनाथ मन्दीर सम्म पर्यटन पदमार्ग पुर्वाधार निर्माण, रा न प ५ | **१५,००** |
| ओखलढुङ्गा देखि कालाशिल्ला हुँदै देउरापाटन पर्यटन पुर्वाधार निर्माण, रा न पा ६ | **१५,००** |
| पुच्छेगाउँ देखि खापरमष्टो सम्म पर्यटन सिढी निर्माण, रा न पा ७ | **१५,००** |
| बाँग्रीज्ययुला देखि जनजागृती हाँदै कोटदरबार सम्म पर्यटकीय पदमार्ग रा न पा ८ | **१५,००** |
| चुत्रीकोट देखि सिगालबाडा हुँदै पिङ्गाला देवि मन्दिर पर्यटकीय पदमार्ग रा न पा ९ | **१५,००** |
| कोलीगाउँ सामुदायिक भवन निर्माण | **१५,००** |
| जनज्योति बाल बिकास केन्द्र पाटेडिल वडा नं ८ | **१५,००** |
| शिवनाथ मन्दिर पूर्वाधार निर्माण रा न पा ४ | **१५,००** |
| कालासिल्ला मा वि विद्यालय घेरवार तथा फिल्ड निर्माण | **१५,००** |
| बाँखरकोट हुँदै नमुना बस्ती देखि तामाकोट सम्म सडक निर्माण तथा स्तरोन्नती वडा नं १, २, ३, ६,७, ८ | **१५,००** |
| धर्मदत्त आ वि फिल्ड निर्माण वडा नं ४ | **१५,००** |
| जनजागृति देखि बाखरकोट सम्म पर्यटन बाटो निर्माण | **१५,००** |
| कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | **६,८८** |
| स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन भत्ता | **३,९६** |
| सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य बार्थिङ सेन्टर वडा नं ९ | **३,००** |
| सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य बार्थिङ सेन्टर वडा नं ४ बसन्तपुर | **३,००** |
| **विषेश अनुदान** | |
| विकल्प स्मृति आधारभूत स्वास्थ्य सेवा केन्द्र (Birthing Center) भवन | **३४,००** |
| दलित, अपाङ्ग तथा एकल महिला सशक्तिकरण कार्यक्रम | **३०,००** |
| **प्रदेश समपुरक** | |
| ५ नं वडा कार्यालय भवन निर्माण | **३५,८०** |